श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालयको

## सूचना

अर्थ मन्त्रालयका सचिव श्री देवेन्द्रराज पाण्डे पेरिसमा हुने नेपाल सहायता समूहको तेस्रो साधारण बैठकमा भाग लिन र भियना तथा बोनमा हुने द्विपक्षीय सहयोग सम्बन्धमा कुराकानी गर्न मिति २०३६।१०।१३ मा त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री भुवनेश्वर खत्रीलाई मिति २०३६।१०।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।